# उद्योग वाणिज्य सन्देश

मासिक

CHAMBER OF COMMERCE & INDUSTRY-CHITWAN (NEWSLETTER)

वर्ष २९. अकं २, वैशाख/जेष्ठ २०८० May/June 2023


## विश्वविद्यालय तथा कलेजका विद्यार्थीलाई उद्यमशील बनाउन संघको जोड




उद्योग वाणिज्य संघ-चितवनको सभालमा मिति २०८० जेष्ठ २ गते एक दिने उद्यमशीलता विकासमा शैक्षिक संस्था र निजी क्षेत्रको भूमिका विषयक कार्यशाला सम्पन्न भएको थियो । हाल अध्ययनरत विद्यार्थीहरूलाई कसरी स्वरोजगार बनाउन सकिन्छ र शैक्षिक प्रणालीमा के सुधार गरियो भने स्वरोजगार तिर आर्कषित हुन्छन् भन्ने विषयहरूको जानकारी लिन यस कार्यक्रमको आयोजना गरिएको थियो । मैयादेवी कन्या कलेजको आयोजना, उद्योग वाणिज्य संघ-चितवनको सह-आयोजना तथा विश्वविद्यालय अनुदान आयोगको सहयोगमा भएको उद्यमशीलता विकासमा शैक्षिक संस्था र निजी क्षेत्रको भूमिका विषयक कार्यशालामा बोल्दै कार्यक्रमका प्रमुख अतिथि मैयादेवी कन्या कलेजका संरक्षक

बाँकी ३ नं. पेजमा...

## संघको महिला उद्यमीद्वारा अध्ययन अवलोकन भ्रमण सम्पन्न, उद्यममा अगाडी बढ्न भ्रमण फलदायी

उद्योग वाणिज्य संघ-चितवनको आयोजनामा संघमा आवद्ध महिला उद्यमीहरू विभिन्न उद्योग वाणिज्य संघहरूको अध्ययन अवलोकन भ्रमणमा जानुभएको थियो । मिति २०८० जेठ ८ देखि १० गते सम्म मकवानपुर, सिन्धुली, ओखलढुङ्गा, खोटाङ र धनुषा जिल्लाका विभिन्न उद्योग वाणिज्य संघका महिला उद्यमीहरूसँग भेटघाट तथा छलफलका साथै त्यहाँका धार्मिक एवं पर्यटकीय क्षेत्रहरूको अध्ययन अवलोकन गर्नुभएको थियो । भ्रमणमा सहभागी




(जि.प्र.का.द.नं. ५/०४९/०५०, चि.जि.हु.द.नं. ६/०४९/०५०

AN ISO 9001:2015 CERTIFIED CHAMBER

quality austria central asia Succeed with Quality

प्रकाशक



उद्योग वाणिज्य संघ-चितवन, फोन: ०५६-५९६१०८, ५९६२०८, ५९६३०८

URL : www.ccichitwan.org.np, Email: info@ccichitwan.org.np

## उद्योग वाणिज्य संघ-चितवन

### लक्ष्य (Mission)

'उद्योगी तथा व्यवसायीहरुको हक हितको संरक्षण तथा सम्बर्द्धन गर्दै स्थानीय आर्थिक तथा सामाजिक विकासको माध्यमबाट राष्ट्रिय अर्थतन्त्रको विकासमा योगदान पुऱ्याउने ।'

### परिकल्पना (Vision)

'आफ्नो कार्यक्षेत्र भित्र संचालित उद्योग तथा अन्य व्यवसायलाई गुणस्तरीय र प्रतिस्पर्धी बनाउदै बढि आर्थिक क्रियाकलापको सम्भावना भएको कृषि तथा पर्यटन क्षेत्रको विकासलाई निरन्तरता दिदै स्वास्थ्य सेवा र शिक्षा क्षेत्रलाई विकसित गरी प्रवर्द्धन गर्न आवश्यकतामा आधारित सेवा प्रदान गर्ने नेतृत्वदायी संस्थाका रुपमा संघलाई विकसित गर्ने ।'

### गुणस्तर नीति (Quality Policy)

उद्योग वाणिज्य संघ-चितवन, चितवन जिल्ला भित्रका उद्योग व्यापार क्षेत्रको छाता सङ्गठन भई दक्ष जनशक्तिको माध्यमद्वारा राज्यको नीति नियमसङ्गत सेवाग्राही सन्तुष्टीको माध्यमबाट गुणस्तरीय उद्धेश्यहरुलाई निरन्तर परिष्कृत गर्दै एक प्रभावकारी संस्थाको रुपमा विकसित हुन प्रतिबद्ध छ ।

### प्रकाशन समिति

**संयोजक:**
विज्ञानलाल श्रेष्ठ - कार्यसमिति सदस्य

**सदस्यहरु:**
शिवप्रसाद ओझा, दुर्गाप्रसाद गौतम, रोहितकुमार श्रेष्ठ, यमप्रसाद घिमिरे, उद्धव जोशी, महादीप श्रेष्ठ

**सल्लाहकारहरु:**
राजेन्द्र ओली, सिद्धार्थलाल चुके, रामशरण सिलवाल

**सम्पादक:**
गणेश सुवेदी- कार्यक्रम अधिकृत

**ले-आउट / डिजाइन:**
सन्देश पौडेल - सूचना प्रविधि अधिकृत



महिला उद्यमीहरूलाई भ्रमण सफलताको शुभकामना दिँदै उद्योग बाणिज्य संघ-चितवनका पूर्व अध्यक्ष प्रचण्डलाल प्रधानले भ्रमणबाट उद्यम विकासमा सहयोग पुग्ने बताउनुभएको थियो । महिला उद्यमीहरूको क्षमता अभिवृद्धिका लागि आयोजित भ्रमणदललाई चितवन उद्योग वाणिज्य संघका अध्यक्ष सहितको पदाधिकारी र कार्यसमिति सदस्यहरूले विदाई गर्नुभएको थियो । सो अवसरमा बोल्दै अध्यक्ष चुननारायण श्रेष्ठले महिला उद्यमशिलता विकासको लागि भ्रमण फलदायी हुने आशा समेत व्यक्त गर्नुभयो । भ्रमणले महिलाहरूमा प्रतिस्पर्धी क्षमताको विकासको अलावा नयाँ प्रविधि र बजारको अवस्थाबारे समेत जानकारी प्राप्त हुने उहाँको अपेक्षा रहेको थियो । उद्योग वाणिज्य संघ-चितवनको कार्यसमिति सदस्य एवं महिला उद्यमी विकास समितिको संयोजक पूर्णिमा श्रेष्ठको नेतृत्वमा रहेको भ्रमण टोलीमा संघका कार्यसमिति सदस्य रजनी मास्के, योगीता पिया, दिपा शाही, सुनिता कर्माचार्य, संघका कर्मचारी शर्मिला विष्ट, संघमा आवद्ध महिला उद्यमी गरी १७ जना रहेको थियो । ३ दिने भ्रमणको क्रममा चितवनका महिला उद्यमीहरूले सिन्धुली, जनकपुर र मकवानपुर उद्योग वाणिज्य संघको कार्यसमिति र महिला उद्यमीहरूसंग अन्तरक्रिया गरिएको थियो । अन्तरक्रियामा आ-आफ्ना संघका बारेमा जानकारी आदान-प्रदानकासाथै महिला उद्यमीहरूद्वारा उत्पादित वस्तुको बजारीकरण लगायतका विषयमा छलफल भएको थियो । साथै भ्रमणमा सिन्धुली, मकवानपुर, ओखलढुङ्गा, खोटाङ र धनुषा जिल्लाका धार्मिक एवं पर्यटकीय क्षेत्रहरूको अध्ययन अवलोकन समेत गर्नुभएको थियो । भम्रणदलका सदस्यहरूले उद्यमीहरूका लागि अहिलेको आर्थिक मन्दी चुनौती र अवसर दुवै भएको बताउँदै महिला उद्यमीहरूको क्षमता अभिवृद्धिकालागि भ्रमण फलदायी रहेको समेत बताउनुभएको थियो ।





बाँकी...

प्रेमकुमार श्रेष्ठले हातमा सर्टिफिकेट भएर मात्र व्यक्ति रोजगार िका लागि उपयुक्त नहुने भन्दै आवश्यकता अनुसारको शिक्षा र अनुभवको खाँचो रहेको बताउनु भयो । उहाँले निजी क्षेत्र र शैक्षिक संस्थाहरू मिलेर उद्यमशिलता विकाशका कार्यक्रमहरू अगाडी बढाउनु पर्ने बताउनुभयो । यसै कार्यक्रममा बोल्दै उद्योग वाणिज्य संघ-चितवनका अध्यक्ष चुननारायण श्रेष्ठले निजी क्षेत्र र शैक्षिक संस्थाहरू बिचको ज्ञान साझेदार गरेर चितवन जिल्लाको आर्थिक, सामाजिक, क्षेत्रको विकासको साथसाथै कृषि, शिक्षा, स्वास्थ्य र पर्यटन क्षेत्रको विकासका लागि के गर्न सकिन्छ भन्ने तथ्याङ्क उपलब्ध गराउन यस्ता कार्यक्रमले सहयोग पुग्ने र उद्योग र शैक्षिक संस्थाहरू बिच एक आपसमा आवश्यकता र समस्याहरूबारे समाधान खोज्न यस कार्यक्रम महत्त्वपूर्ण रहेको बताउनु भयो । कार्यक्रममा बोल्दै मैयादेवी कन्या कलेजका प्रधानाध्यापक भोजराज न्यौपानेले अन्तर्राष्ट्रियस्तरमा प्रतिस्पर्धा गर्ने शैक्षिक जनशक्ति उत्पादन गर्न आवश्यक रहेको बताउनु भयो । कार्यक्रलममा बोल्दै भुवानीशंकर कलेजका पूर्व प्रधानाध्यापक बालकुमार श्रेष्ठले अहिलेका युवाहरू भविष्यको खोजी गर्दै बद्दो विदेश पलायनले भईरहेको अवस्थामा यस्ता कार्यक्रमले नेपालमै उद्यमशीलता र रोजगारीलाई जोड्ने बताउनुभयो । कार्यशालामा ४ वटा शिर्षकमा स्रोत व्यक्तिहरूले प्रस्तुतीकरण गर्नुभएको थियो । व्यापार, व्यवसाय र उद्यमशीलताका विषयमा उद्योग वाणिज्य संघ-चितवनका अध्यक्ष चुननारायण श्रेष्ठले प्रस्तुतीकरण गर्नुभएको थियो । पर्यटन र उद्यमशिलताका विषयमा उद्योग वाणिज्य संघ-चितवनका विशिष्ट सदस्य एवं पर्यटन विज्ञ डा. विश्वराज सुवेदी प्रस्तुतीकरण गर्नुभएको



थियो । कृषि र उद्यमशिलताका विषयमा डा. सुनिल पोखेलले प्रस्तुतीकरण गर्नुभएका थियो । सोही कार्यक्रममा उद्योग वाणिज्य संघ-चितवनका कार्यकारी निर्देशक निलबहादुर के.सी.ले उद्यमशिलता व्यवस्थापनका विषयमा प्रस्तुतीकरण गर्नुभएको थियो । कार्यक्रममा उद्योग वाणिज्य संघ-चितवनका उपाध्यक्ष राजेन्द्र ओली, सहिद स्मारक कलेजका प्रधानाध्यापक बसन्तकुमार पौडेल, अरूणोदय कलेजका प्रधानाध्यापक कुमार रावत, उमाबडी कलेजका प्रधानाध्यापक सुर्यनारायण महतो, हरिकुमार स्मारक कलेजका प्रधानाध्यापक नविन न्यौपाने, उद्योग वाणिज्य संघ-चितवनका कार्यसमिति सदस्यहरू, विभिन्न वस्तुगत संघका अध्यक्ष एवं प्रतिनिधिहरू, मैयादेवी कन्या कलेजका सहायक प्रधानाध्यापक, विभिन्न कलेजका प्राध्यापक, कर्मचारी , उद्योगी, व्यापारी र विभिन्न कलेजका विद्यार्थीहरू गरी १०० जनाको सहभागीता रहेको उक्त कार्यक्रम उद्योग वाणिज्य संघ-चितवनको कार्यक्रम अधिकृत गणेश सुवेदीले सञ्चालन गर्नुभएको थियो ।

## विश्व बैंक र चितवनका उद्यमी बिच अन्तरक्रिया कार्यक्रम

उद्योग वाणिज्य संघ चितवन, नेपाल उद्योग वाणिज्य महासंघ र विश्व बैंक अन्तरगतको अन्तरराष्ट्रिय वित्त निगम बिच मिति २०८० जेठ १४ गते १ दिने अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो । चिवतन जिल्लाका व्यवसायीको वर्तमान अवस्था चितवन जिल्लामा लगानीको सम्भावित क्षेत्रको पहिचान र लगानी प्रक्रियाको बारेमा व्यवसायीलाई जानकारी गराउने उद्देश्यले अन्तरक्रियका कार्यक्रमको आयोजना गरिएको थियो । अन्तरक्रियका कार्यक्रममा प्रस्तुतीकरण दिँदै संघका अध्यक्ष चुननारायण श्रेष्ठले चितवन जिल्ला विविधताको जिल्ला भएको र आर्थिक गतिविधिका हिसावले लगानी मैत्री रहेको बताउँदै चितवनमा लगानी भित्र्याउन आवश्यक रहेको बताउनु भयो । उहाँले कुल ग्राहस्थ उत्पादनमा ८५ प्रतिशत भन्दा पनि बढी



योगदान दिएको निजी क्षेत्रलाई राज्यस्तरबाट उपलब्ध हुन सक्ने राहतका कार्यक्रम र लगानी मैत्री वातावरण सिर्जना हुन नसकेको बताउनु भयो। अध्यक्ष श्रेष्ठले चितवन जिल्लाको समग्र औद्योगिक स्थिति र सम्भावित लगानीको बारेमा प्रस्तुती दिनु भएको थियो । कार्यक्रममा अन्तरराष्ट्रिय वित्त निगमका नेपालका लागि आवासीय प्रमुख बाबाकार एस फाएले विभिन्न विकाससिल राष्ट्रहरूमा लगानी गर्ने सन्दर्भमा नेपालको औद्योगिक एवम् व्यवसायिक विकासमा योगदान पुऱ्याउन यस कार्यक्रमले सहयोग पुऱ्याउने बताउनु भयो । सोही कार्यक्रममा बोल्दै उवासंघ-चितवनका उपाध्यक्ष राजेन्द्र ओलीले वर्तमान जटिल परिस्थितिमा उद्यमी व्यवसायीहरूलाई राहत पुग्ने तवरले औद्योगिक विकासमा समेत योगदान पुऱ्याउँदै लगानी गर्नुपर्ने बताउनु भयो। उहाँले निजी क्षेत्रको तर्फबाट उद्योग वाणिज्य संघ- चितवन सदैव यस क्षेत्रको विकासमा सहकार्य गर्न तत्पर रहेको बताउनु भयो। अन्तरराष्ट्रिय वित्त निगमको तर्फबाट भिष्म पण्डित, दिवस ढकाल, अश्विन नेपाल र रविकान्त अग्रवालले प्रस्तुती दिँदै सहभागिको जिज्ञासालाई सम्बोधन गर्नुभएको थियो । वित्त निगमले चितवन जिल्लाको पर्यटन पूर्वाधार, कृषि उद्यम, दिगो पूर्वाधार विकास र उद्यमशीलताका क्षेत्रमा लगानी गर्दै आएकोले चितवनमा पनि सो को सम्भावनाको लागि अन्तर्क्रिया कार्यक्रमको आयोजना गरिएको थियो। अन्तरक्रिया कार्यक्रममा उद्योग वाणिज्य संघ-चितवनका पदाधिकारी, कार्यसमिति सदस्य, क्षेत्रिय उवासंघका अध्यक्ष, कृषि र पर्यटन क्षेत्रका विज्ञ, विभिन्न वस्तुगत संघका अध्यक्ष लगायत ५० जना व्यवसायीहरूको सहभागिता थियो ।

## सिन्धुलीका उद्यमी व्यवसायीलाई संघमा स्वागत एवं छलफल

उद्योग वाणिज्य संघ-चितवनले सिन्धुली उद्योग वाणिज्य संघको अध्ययन अवलोकन भ्रमण टोलीलाई मिति २०८० जेठ १४ गते संघको बैठक कक्षमा एक कार्यक्रमको आयोजना गरी स्वागत गरिएको थियो। सिन्धुली उद्योग वाणिज्य संघका अध्यक्ष श्री अर्जुनकुमार श्रेष्ठको नेतृत्वमा आएको भ्रमण टोलीलाई संघले स्वागत गरेको थियो। नेपालको विभिन्न सफल उद्योग वाणिज्य संघहरूको अध्ययन अवलोकन गर्ने सन्दर्भमा उद्योग वाणिज्य संघ-चितवनमा आउनुभएको थियो। स्वागत एवम् छलफल कार्यक्रममा उद्योग वाणिज्य संघ-चितवनका अध्यक्ष चुननारायण श्रेष्ठले यस किसिमको कार्यक्रमले व्यावसायिक साथसाथै संस्थागत एकता सुदृढ गर्नमा समेत सहयोग पुऱ्याउने बताउनु भयो। उद्योग वाणिज्य संघ-चितवनको संक्षिप्त जानकारी दिँदै अध्यक्ष श्रेष्ठले निजी क्षेत्रका संलग्नताविना आर्थिक समृद्धिको कल्पना गर्न नसकिने र नेपाल सरकारको आर्थिक वर्ष ०७९/०८० को बजेटले उद्योगी व्यवसायीको समस्या सम्बोधन गर्न नेपाल सरकारलाई अनुरोध गर्दै देशको आर्थिक समृद्धिका लागि




सरकारले निजी क्षेत्रलाई हातेमालो गर्दै जानुपर्ने बताउनु भयो। सोही कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघका कार्यकारिणी सदस्य अमरेशचन्द्र वैदारले निजी क्षेत्रका समस्याहरू महासंघ मार्फत नेपाल सरकारलाई ध्यानाकर्षण गराउने बताउनु भयो। कार्यक्रममा बोल्दै सिन्धुली उद्योग वाणिज्य संघका अध्यक्ष अर्जुनकुमार श्रेष्ठले उद्योग वाणिज्य संघ-चितवनले गरेको आतिथ्यता तथा कार्यप्रगतिको प्रशंसा गर्दै आफ्नो संघको संक्षित जानकारी दिनुहुँदै व्यावसायिक ऐक्यबद्धताका लागि उद्योग वाणिज्य संघ-चितवनसँग मिलेर अघि बढ्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। उहाँले उवासंघ चितवनबाट सिकेका कुरालाई आफ्नो संघमा पनि लागु गर्ने बताउनु भयो। कार्यक्रममा सिन्धुली उद्योग वाणिज्य संघका अध्यक्ष अर्जुनकुमार श्रेष्ठको नेतृत्वमा पूर्व अध्यक्ष, पदाधिकारी, कार्यसमिति सदस्य, महिला उद्यमी लगायत ३५ जनाको सहभागिता रहेको थियो। कार्यक्रममा उद्योग वाणिज्य संघ चितवनका पदाधिकारी, कार्यसमितिका सदस्यहरूको उपस्थिति रहेको थियो। टोलीले संघको सचिवालय र नारायणी नदी किनार को अवलोकन समेत गरेको थिए। कार्यक्रम उद्योग वाणिज्य संघ-चितवनका अध्यक्ष चुननारायण श्रेष्ठको अध्यक्षता तथा उद्योग वाणिज्य संघ चितवका उपाध्यक्ष चिरञ्जीवी सुवेदीले धन्यवाद ज्ञापन सहित समापन गर्नुभएको कार्यक्रमलाई संघका कार्यकारी निर्देशक निलबहादुर के.सी.ले सञ्चालन गर्नुभएको थियो।

## तनाव व्यवस्थापन सम्बन्धी सचेतना कार्यक्रम सम्पन्न

उद्योग वाणिज्य संघ-चितवनको सभाहलमा मिति २०८० जेष्ठ १६ गते उद्योग वाणिज्य संघ-चितवनको आयोजना एवं नाट फ्रेस हेल्थ केयर प्रा.लि.को सहकार्यमा तनाव व्यवस्थापन सम्बन्धी सचेतना कार्यक्रम सम्पन्न भएको थियो। कार्यक्रममा बोल्दै उद्योग वाणिज्य संघ-चितवनका अध्यक्ष चुननारायण श्रेष्ठले आर्थिक, सामाजिक एवं राजनैतिक तथा अन्य कामहरूले जोखिमका सृजना गरिरहेको हुन्छ र जोखिमले तनाव उत्पन्न बनाउने बताउँदै उहाँले व्यवसायीहरू समय व्यवस्थापन एवं आर्थिक व्यवस्थापन गर्नका लागि नै बढी तनावमा हुने भएकाले व्यवसायीहरूलाई तनाव व्यवस्थापन गर्ने तरिकाका बारेमा जानकारी गराउने उद्देश्यले यस कार्यक्रमको आयोजना गरिएको बताउनु भयो। कार्यक्रममा प्रशिक्षक नाट फ्रेस हेल्थ केयर प्रा. लि. का डा. संग्राम सिँहले योग चिकित्सा, प्राकृतिक चिकित्सा, आहार चिकित्सा तथा जडिवुटी चिकित्साका बारेमा जानकारी गराउँदै उहाँले तनाव व्यवस्थापनका तरिकाका बारेमा जानकारीहरू गराउनुभएको थियो। कार्यक्रममा उद्योग वाणिज्य संघ-चितवनका



पदाधिकारी, कार्यसमिति, कर्मचारीका साथै वस्तुगत संघका अध्यक्ष एवं प्रतिनिधिहरू लगाएत ५० जनाको उपस्थिति रहेको थियो ।

## अर्थिक विधेयकमा कर सम्बन्धी व्यवस्थाका बारेमा अन्तरक्रिया




उद्योग वाणिज्य संघ-चितवनको सभाहलमा मिति २०८० जेष्ठ २५ गते आर्थिक विधेयक २०८० ले प्रदान गरेको कर छुट सहुलियत एवं विद्यमान कर व्यवस्थामा भएका परिवर्तन सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो। अन्तरक्रिया कार्यक्रम उद्योग वाणिज्य संघ-चितवनको आयोजना एवं आन्तरिक राजश्व कार्यालय भरतपुरको समन्वयमा भएको थियो। कार्यक्रममा बोल्दै उद्योग वाणिज्य संघ चितवनका प्रथम उपाध्यक्ष चिरञ्जीवी सुवेदीले सरकारले आर्थिक वर्ष २०८०/०८१ को बजेटले आलु, प्याज, गेडागुडी तथा फलफुल तरकारी लगायतका सर्वसाधरण जनताले दैनिक उपभोग गर्ने कर छुटका वस्तुहरूलाई हाल सरकारले मू.अ. कर लगाएकोमा त्यस्तो निर्णय कार्यान्वयन नगर्न सरकारलाई आग्रह गर्नुभएको थियो । यस अगावैका वर्षहरूमा मुअकर छुट भएका वस्तुमा यस वर्ष कर थप्ने र थप ३४० वस्तु तथा सेवामा अन्तःशुल्क लाग्ने प्रावधान वर्तमान परिस्थिति अनुकुल नभएको बताउनु भयो । कार्यक्रममा स्रोत व्यक्ति एवं आन्तरिक राजश्व कार्यालयका प्रमुख कर अधिकृत विष्णु राउत र हरिराम ढकालले व्यवसायीहरूलाई आर्थिक विधेयक २०८० ले प्रदान गरेको कर छुट सहुलियत एवं विद्यमान कर



व्यवस्थामा भएका परिवर्तनका बारेमा जानकारी गराउनुभएको थियो । उहाँहरूले व्यवसायीहरूका गुनासाहरू सम्बोधन गर्दै करका नियमहरूका बारेमा पनि जानकारी गराउनुभएको थियो । कार्यक्रममा उद्योग वाणिज्य संघ-चितवनका द्वितीय उपाध्यक्ष राजेन्द्र ओलीले कुल ग्राहस्थ उत्पादन र रोजगारी सिर्जनामा

८० प्रतिशत भन्दा बढी योगदान पुऱ्याउने निजी क्षेत्रले बजेट तयार हुनुपूर्व दिएका सुझावलाई राज्यले सम्बोधन नगर्नु दुःखद भएको बताउनु भयो । कार्यक्रममा उपस्थित सम्पूर्णलाई धन्यवाद ज्ञापन गर्दै उपाध्यक्ष ओलीले उवासंघ चितवन सदैव व्यवसायीको हितमा रहेको बताउनुहुँदै कार्यक्रमले व्यवसायीलाई करका वर्तमान अवस्थाको बारेमा जानकारी गराएको अपेक्षा व्यक्त गर्नुभयो। कार्यक्रममा उद्योग वाणिज्य संघ-चितवनका पूर्व अध्यक्ष डा. तिलचन्द्र भट्टराई, मुद्रण उद्योग महासंघका अध्यक्ष खोमकान्त रेग्मी लगाएतले मन्तव्य राख्नुभएको थियो। कार्यक्रममा उद्योगवाणिज्यसंघ-चितवनकापदाधिकारी, कार्यसमितिसदस्यहरू, संघका कार्यकारी निर्देशक, विभिन्न वस्तुगत संघका अध्यक्ष एवम् पदाधिकारी लगायत १०० जना भन्दा बढी व्यवसायीहरूको उपस्थिति रहेको कार्यक्रम संघका प्रथम उपाध्यक्ष चिरञ्जीवी सुवेदीको अध्यक्षतामा सम्पन्न भएको थियो। साथै कार्यक्रम संघका कार्यक्रम अधिकृत गणेश सुवेदीले सञ्चालन गर्नुभएको थियो ।

## बजेट सम्बन्धी समीक्षात्मक छलफल एवं अन्तरक्रिया



उद्योग वाणिज्य संघ-चितवनको सभाहलमा मिति २०८० जेष्ठ २८ गते आर्थिक वर्ष २०८०/०८१ को बजेट सम्बन्धी समीक्षात्मक छलफल एवं अन्तरक्रिया कार्यक्रम उद्योग वाणिज्य संघ-चितवनको आयोजना सम्पन्न भएको थियो । कार्यक्रम सरकारले ल्याएको आर्थिक नीति तथा बजेटमा के छ, के हुनुपर्ने थियो र त्यसमा व्यवसायीहरूको सुझाव संकलन गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको थियो । कार्यक्रममा बोल्दै उद्योग वाणिज्य संघ चितवनका अध्यक्ष चुननारायण श्रेष्ठले आर्थिक वर्ष २०८०/०८१ को बजेटमा करका दरहरूलाई हेरफेर गरी कसरी राजश्व बढाउने भन्ने विषयमा मात्रै केन्द्रित रहेको बताउँदै यो बजेटले उत्पादन बृद्धि गरी आर्थिक वृद्धि गर्ने सम्भावना नरहेको बताउनु भयो। कार्यक्रममा उद्योग वाणिज्य संघ-चितवनका पूर्व अध्यक्ष एवं प्रस्तोता डा. तिलचन्द्र भट्टराईले बजेटले व्यवसायिक क्षेत्रमा पार्ने प्रभाव, वर्तमान व्यावसायिक समस्या, बजेटका राम्रा तथा सुधार गर्नुपर्ने पक्षहरूका साथै आर्थिक क्षेत्रमा पर्न सक्ने प्रभावहरूका बारेमा जानकारी गराउनुभएका थियो। कार्यक्रममा उद्योग वाणिज्य संघ-चितवनको पूर्व विशिष्ट सदस्य एवं प्रस्तोता डा. कपिलदेव सुवेदीले सङ्घीय बजेटको समिक्षा गर्दै नेपालको आर्थिक विकासमा सीमित रोजगारी र यूवा शक्ती पलायनले चुनौती थपेको बताउँदै बजेटका सकरात्मक र नकरात्मक पक्षका बारेमा पनि जानकारी गराउनुभएको थियो । कार्यक्रमका प्रस्तोता वीरेन्द्र बहुमुखी



क्याम्पसका सहप्राध्यापक सूर्यनारायण पौडेलले बजेटको परिभाषा र इतिहासका बारेमा जानकारी गराउँदै बजेटमा समावेश भएका मूख्य योजना तथा कार्यान्वयन प्रक्रियाका बारेमा बताउनुभएको थियो । कार्यक्रममा उद्योग वाणिज्य संघ-चितवनका उपाध्यक्ष चिरञ्जीवी सुवेदी, संघका कार्यसमिति सदस्यहरू, विभिन्न वस्तुगत संघका अध्यक्ष एवम् पदाधिकारी लगायत ७० जनाको उपस्थिति रहेको थियो । संघका अध्यक्ष चुननारायण श्रेष्ठको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रमलाई संघका कार्यकारी निर्देशक निलबहादुर के.सी.ले सञ्चालन गर्नुभएको थियो ।

# वस्तुगत विशेष

## अधिकृत व्यवसायी संघद्वारा विद्यालयलाई पङ्खा सहयोग




अधिकृत व्यवसायी संघ चितवनले मिति २०८० जेठ २ गते एक कार्यक्रमको आयोजना गरी नारायणगढको बालकुमारी उच्च माध्यमिक विद्यालयलाई दश थान पङ्खा सहयोग गरेको थियो । अधिकृत व्यवसायी संघका अध्यक्ष नारायण प्रधानले संघका संस्थापक अध्यक्ष पवनकुमार पियाको प्रमुख आतिथ्यतामा बालकुमारी उच्च माध्यमिक विद्यालयका व्यवस्थापन समितिका अध्यक्ष दीपक प्रधानलाई उक्त पङ्खाहरू सहयोग हस्तान्तरण गर्नुभएको थियो । गर्मीमा विद्यार्थीहरूलाई पठनपाठनमा सहज होस् भनेर कक्षा कोठा र कार्यशाला कक्षहरूमा जडान गर्न पङ्खा सहयोग गरिएको संस्थाका अध्यक्ष नारायण प्रधानले बताउनु भयो । अधिकृत व्यवसायी संघ चितवनले सामाजिक कार्यमा समेत संघलाई अगाडि बढाएकोमा संस्थाका संस्थापक अध्यक्ष एवम् कार्यक्रमका प्रमुख अतिथि पवनकुमार पियाले प्रसन्नता व्यक्त गर्नुभएको थियो। विद्यालय व्यवस्थापन समितिका अध्यक्ष दीपक प्रधानले विद्यार्थीहरूको पठनपाठनमा सहजता प्रदान गर्न संघद्वारा प्रदान गरिएको सहयोगको लागि विद्यालयको तर्फबाट आभार प्रकट गर्नुभएको थियो । गर्मीमा विद्यार्थीहरूले खलखल पसिना चुहाएर पढ्नु पर्ने वाध्यतालाई संघले प्रदान गरेको पंखा सहयोगले राहत मिल्ने सह-प्रधानाध्यापक मीना पोखरेलले बताउनु भयो । संघका महासचिव मनोज रौनियारले सञ्चालन गरेको उक्त कार्यक्रमका राहुल अग्रवालको संयोजकत्वमा भएको थियो । कार्यक्रममा संघका पुर्वअध्यक्षहरू प्रद्युम्न साकोटा, जीवनाथ पौडेल, निवर्तमान अध्यक्ष रवि श्रेष्ठ, सल्लाहकारहरू बद्रीलाल प्रधान र श्रवण रेग्मी ,उपाध्यक्ष रामजी घिमिरे, कोषाध्यक्ष शम्भुलाल श्रेष्ठ ,राजु', सहसचिव कुलप्रसाद अधिकारी लगायत सदस्यहरू निरेश सिंह, निर्मल ढकाल, नितेश महेश्वरी, मनोज न्यैपाने, श्रीराम त्रिपाठी र उद्धव अधिकारीको उपस्थितिमा पङ्खा सहयोग हस्तान्त्रण कार्यक्रम सम्पन्न भएको थियो ।

## निःशुल्क आँखा शिविर सञ्चालन

श्री माध्यामिक विद्यालय, इन्द्रपुरीको प्राङ्गणमा मिति २०८० जेष्ठ २० गते अधिकृत व्यवसायी संघ चितवन, भरतपुर आँखा अस्पताल, नेपाल नेत्रज्योति संघ चितवन र श्री माध्यमिक विद्यालय, इन्द्रपुरीको संयुक्त आयोजनामा निःशुल्क आँखा शिविर




सञ्चालन गरिएको थियो । शिविरमा ३ वर्षदेखि ९२ वर्षसम्मका बालबालिका तथा वृद्धवृद्धाहरू गरी जम्मा ४६६ जनाको आँखा परीक्षण गरिएको अधिकृत व्यवसायी संघ चितवनका अध्यक्ष नारायण प्रधानले गराउनु भयो । आँखा परीक्षण गरिएकाहरूमध्ये १६५ जनालाई चश्मा वितरण गरिएको र १४ जना मोतीविन्दु भएका बिरामीहरूलाई निःशुल्क शल्यक्रियाका लागि भरतपुर आँखा अस्पतालमा रिफर गरिएको अध्यक्ष नारायण प्रधानले बताउनु भयो । भरतपुर आँखा अस्पतालका आँखा बैंक संयोजक छायाँ श्रेष्ठको सहयोगमा श्रीराम त्रिपाठी र मनोज न्यौपानेले उक्त कार्यक्रम संयोजन गर्नुभएको थियो । अधिकृत व्यवसायी संघका कोषाध्यक्ष शम्भुलाल श्रेष्ठ 'राजु' ले चश्मा तथा अन्य मेडिकल सामग्री सौजन्य गर्नुभएको थियो । कार्यक्रममा संघका पूर्वअध्यक्ष प्रद्युम्न सापकोटा, निवर्तमान अध्यक्ष रवि श्रेष्ठ, उपाध्यक्ष रामजी घिमिरे, महासचिव मनोज रौनियार, कोषाध्यक्ष शम्भुलाल श्रेष्ठ 'राजु', सचिव कुलप्रसाद अधिकारी, सदस्यहरू उद्धवप्रसाद अधिकारी, निर्मल ढकाल, निरेशकुमार सिंहलगायत आयुष पौडेल, सुभाष सापकोटा, मनिषा पौडेल, सृष्टि पौडेल, श्रीकान्त अधिकारीको उपस्थिति रहेको थियो ।




## विद्युत व्यवसायी महासंघ बागमती प्रदेश समिति विस्तार

उद्योग वाणिज्य संघ-चितवनको सभाहलमा मिति २०८० जेष्ठ १५ गते एक कार्यक्रमको आयोजना गरी विद्युत व्यवसायी महासंघ बागमती प्रदेश समिति विस्तार गरिएको थियो । विद्युत व्यवसायी महासंघका अध्यक्ष श्री रेशमप्रसाद देवकोटाको प्रमुख आतिथ्यतामा एवं विद्युत व्यवसायी संघ चितवनका अध्यक्ष नवराज सुवेदी, विद्युत व्यवसायी महासंघका तृतीय उपाध्यक्ष लेखनाथ सापकोटाको विशेष सहभागितामा बागमती प्रदेश समिति विस्तार एवं प्रथम बैठक सम्पन्न भएको थियो ।



# विद्युत् व्यवसायी संघ चितवनले स्थापना दिवस मनायो




विद्युत् व्यवसायी संघ-चितवनको कार्यालयमा मिति २०८० जेष्ठ १६ गते एक कार्यक्रमको आयोजना गरी संघको १४औँ स्थापना दिवस मनाएको थियो। विद्युत व्यवसायी संघ-चितवनका अध्यक्ष नवराज सुवेदीको अध्यक्षतामा भएको कार्यक्रमका प्रमुख अतिथि नेपाल विद्युतीय व्यवसायी महासंघका अध्यक्ष रेशमप्रसाद देवकोटाको प्रमुख आतिथ्यतामा संघको कार्यालय भवनमा केक काटी स्थापना दिवस मनाएको थियो। कार्यक्रममा विद्युत व्यवसायी संघका निवर्तमान अध्यक्ष डोलराम न्यौपाने, सस्थापक अध्यक्ष बामदेव शर्मा, नेपाल विद्युतीय व्यवसायी महासंघका पूर्व अध्यक्ष तेजनारायण खरेल, नेपाल विद्युतीय व्यवसायी महासंघका तृतीय उपाध्यक्ष लेखनाथ सापकोटा, नेपाल विद्युतीय व्यवसायी महासंघ बागमती प्रदेशका संयोजक सरोज रेग्मी लगायत विद्युत् व्यवसायी संघ-चितवनका पदाधिकारी कार्यसमितिको उपस्थितिमा स्थापना दिवस मनाएको थियो। विद्युत् व्यवसायी संघको १४ औं स्थापना दिवसको अवसरमा खैरहनी नगरपालिका वडा नं. १० मा अवस्थित श्री राष्ट्रिय आधारभूत विद्यालयलाई ८ थान पङ्खा हस्तान्तरण गरेको विद्युत् व्यवसायी संघ चितवनका अध्यक्ष नवराज सुवेदीले जानकारी गराउनु भयो।



## विद्युत् व्यवसायी बचत तथा ऋण सहकारी संस्थाले स्थापना दिवस मनायो



विद्युत् व्यवसायी बचत तथा ऋण सहकारी संस्थाको कार्यालयमा मिति २०८० जेष्ठ १६ गते एक कार्यक्रमको आयोजना गरी संस्थाको ८ औं स्थापना दिवस मनाएको थियो। विद्युत् व्यवसायी बचत तथा ऋण सहकारी संस्था अध्यक्ष डोलराज न्यौपानेको अध्यक्षतामा एवं विद्युत् व्यवसायी संघ-चितवनका अध्यक्ष नवराज सुवेदीको प्रमुख आतिथ्यतामा संस्थाको कार्यालय भवनमा केक काटी स्थापना दिवस मनाएको थियो। कार्यक्रममा नेपाल विद्युतीय व्यवसायी महासंघका तृतीय उपाध्यक्ष लेखनाथ सापकोटा, नेपाल विद्युतीय व्यवसायी महासंघका कार्यकारिणी सदस्य राजेश गौतम, संस्थाका सञ्चालक समिति, विद्युत् व्यवसायी संघ-चितवनका पदाधिकारी कार्यसमितिको उपस्थितिमा स्थापना दिवस मनाएको थियो । सोही स्थापना दिवसको अवसरमा नवलपुर जिल्लाको गैडाकोट नगरपालिका वडा नं ५ स्थित श्री सरस्वती आधारभूत विद्यालयलाई ६ थान पङ्खा हस्तान्तरण गरिएको विद्युत् व्यवसायी संघ-चितवनका अध्यक्ष नवराज सुवेदीले जानकारी गराउनुभएको थियो ।

पान नं. ६१८०८३१५३
दर्ता नं. ०३१७/०७८/०७९
फोन नं.: ०५६-५१३३३३, मो.९८४४९५७२४२

**चेम्बर बहुउद्देश्यीय सहकारी संस्था लि.**


**CHAMBER MULTIPURPOSE COOPERATIVE SOCIETY LTD.**

भरतपुर-१, चेम्बर भवन, चेम्बर मार्ग, नारायणगढ, चितवन
Email: chambermultipurpose 2078@gmail.com
Promoted by: Chamber of Commerce & Industry-Chitwan

**हाम्रा सेवाहरु**

| बचत सेवा | कर्जा सेवा | अन्य सेवाहरु |
|---|---|---|
| मासिक/अनिवार्य बचत | व्यावसायिक कर्जा | रकम संकलनमा घरदैलो सुविधा । |
| साधारण बचत | विविध कर्जा | रकम झिक्न राख्नको लागी सहज । |
| विषेश बचत (मुद्धती) | शैक्षिक कर्जा | आकर्षक ब्याजदर । |
| जेष्ठ नागरीक बचत | कृषी कर्जा | विश्वसनीय सहकारी संस्था । |
| वाल बचत | औद्योगिक कर्जा | उ.वा.संघ-चितवनमा दर्ता भए पश्चात मात्र सदस्यता लिन पाइने । |

- रु.५०,०००।-(५०० कित्ता) को शेयर खरिद गर्न सकिने ।
- धितो तथा व्यक्तिगत जमानतमा कर्जा उपलब्ध गराउने व्यवस्था भएको
- कोसेली घरको माध्यमबाट सदस्यलाई अर्गानिक खाद्यवस्तु उपलब्ध गराइरहेको ।
- रकम राख्दा झिक्दा SMS जाने व्यवस्था गरिएको ।


Chamber Guest House
Under the Management of Chamber of commerce & Industry-Chitwan
उद्योग वाणिज्य संघ-चितवन
Contact :
Bharatpur metropolitan city-1,
Narayangarh, Chitwan
info@ccichitwan.org.np,
www.ccichitwan.org.np
056 – 596108
– 596208
– 596308
FACILITIES
Located at the bank of Holy Narayani River
View of Narayani River from all rooms
Party Venue
Free internet Access
Training seminar and Conference
Hall accomodating 500 people
"A Home After Your Home"

# नारायणगढ बजारको मिति २०८० असार १८ गतेको बजार भाउ

| विवरण | परिमाण | रकम |
|---|---|---|
| १. धान मसिनो(वार) | प्रति क्वि. | ४५०० |
| २. धान मन्सुली(सावा) | प्रति क्वि. | ४००० |
| ३. साना मंसुली | प्रति क्वि. | ३००० |
| ४. धान मोटो सावित्री | प्रति क्वि. | ३५०० |
| ५. धान मोटो नया | प्रति क्वि | ३००० |
| ६. चामल (वार) | प्रति क्वि | ८००० |
| ७. चामल (सावा) | प्रति क्वि | ७००० |
| ८. चामल मोटो सावित्री | प्रति के.जी. | ५५ |
| ९. मकै | प्रति क्वि. | ३४०० |
| १०. गहुँ | प्रति क्वि. | ४८०० |
| ११. कोदो | प्रति क्वि. | ६००० |
| १२. फापर | प्रति क्वि. | ८००० |
| १३. चना | प्रति के.जी. | ९२ |
| १४. केराउ | प्रति के.जी. | १०० |
| १५. भटमास | प्रति के.जी. | १२० |
| १६. रहर दाल | प्रति के.जी. | १७० |
| १७. मसुरी दाल | प्रति के.जी. | १२० |
| १८. मासको दाल | प्रति के.जी. | १५० |
| १९. कालो मासको गेडा | प्रति के.जी. | १८० |
| - दाना सम्बन्धी | | |
| क. ब्रोइलर कुखुरा १ नं. | प्रति के.जी. | ८५ |
| ख. ब्रोइलर कुखुरा २ नं. | प्रति के.जी. | ८० |
| ग. लेयर्स कुखुरा १ नं. | प्रति के.जी. | . |
| घ. क्याटल फिड | प्रति के.जी. | . |
| २०. आलु | प्रति के.जी. | ४५ |
| २१. प्याज | प्रति के.जी. | ५४ |
| २२. तोरीको तेल | प्रति १० ली. | ३८०० |
| २३. भटमासको टेल | प्रति १० ली. | २००० |
| २४. बनस्पति घ्यू | प्रति १० के.जी. | २००० |
| २५. नुन | प्रति के.जी | २० |
| २६. जिरा | प्रति के.जी. | ४५० |
| २७. मरिच | प्रति के.जी. | १२५० |
| २८. धनियाँ | प्रति के.जी. | |
| २९. क. सुन | प्रति तोला | ११०५०० |
| ख. चाँदी | प्रति तोला | १४०५ |
| ३०. कर्कट पाता | | |
| क. २४ गेज (रंगीन) | प्रति वण्डल | १६२५० |
| ख. २६ गेज रंगीन | प्रति वण्डल | १३९०० |
| ३१. छड | | |
| क. ७ मि.मि.(J/S) | प्रति के.जी | ११७ |
| ख. ८ मि.मि. | प्रति के.जी | ११०।५ |
| ख. १० मि.मि. | प्रति के.जी | १०७ |
| ग. १२ मि.मि. | प्रति के.जी | १०७ |
| ३२. सिमेन्ट OPC शिवम् | प्रति बोरा | ६५० |
| क. मारुती सिमेन्ट | प्रति बोरा | ६४५ |
| ख. सर्वोत्तम सिमेन्ट PPC | प्रति बोरा | ५४० |
| ग. सर्वोत्तम सिमेन्ट OPC | प्रति बोरा | ६३५ |
| ३३. मासुजन्य पदार्थ | | |
| क. ब्रोइलर कुखुराको तयारी | प्रति के.जी. | ४८० |
| ख. ब्रोइलर कुखुराको जीवित | प्रति के.जी. | २८० |
| ग. स्थानीय कुखुरा जीवित | प्रति के.जी. | ८०० |
| घ. लेयर्स कुखुरा जिउदो | प्रति के.जी. | ३५० |
| ङ. खसी बोकाको जीवित | प्रति के.जी. | ६०० |
| च. खसी बोकाको तयारी | प्रति के.जी. | ११०० |
| छ. राँगोको तयारी | प्रति के.जी. | ४५० |
| ज. बंगुरको तयारी | प्रति के.जी. | ४०० |
| झ. माछा खानयोग्य | प्रति के.जी. | ३८० |
| ञ. अण्डा | प्रति क्रेट | ४४० |
| ३४. दुग्धजन्य पदार्थ | | |
| क. दुध | प्रति लि. | १०० |
| ख. दही | प्रति लि. | १२० |
| ग. पनिर | प्रति के.जी. | ९०० |
| घ. क्रिम | प्रति लि. | ६०० |
| ङ. वटर | प्रति के.जी. | ११०० |
| च. घ्यू | प्रति के.जी. | १३०० |
| छ. खुवा | प्रति के.जी. | ११०० |

## पाठक वर्गमा अनुरोध

यस संघबाट प्रकाशन हुदै आइरहेको मासिक बुलटिनलाई अझै स्तरीय र प्रभावकारी बनाउन पाठकहरुको कुनै किसिमको प्रतिक्रिया, सुझाव, सल्लाह व्यावसायिक लेख रचना भए यस संघको सचिवालयमा लेखी पठाउनु हुन अनुरोध गर्दछौं ।

-सम्पादक

## प्रापक :

.........................................................................

.........................................................................

.........................................................................

.........................................................................

.........................................................................

....................................

(जि.प्र.का.द.नं. ५/०४९/०५०, चि.जि.हु.द.नं. ६/०४९/०५०